स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पाँच महिना अगाडि दिएको एउटा अन्तर्वार्ताको अंश सामाजिक सञ्जालमा अचानक भाइरल भएपछि अभिनेत्री करिश्मा मानन्धरले असन्तुष्टि व्यक्त गरेकी छन् । उनले उक्त भिडियोको लिंक सेयर गर्दै फेसबुकमार्फत् आफ्नो धारणा सार्वजनिक गरेकी हुन् । करिश्माले अन्तर्वार्ता पुरानो भए पनि अहिले मात्र केही व्यक्तिले सन्दर्भ नबुझी अतिरञ्जित ढंगले प्रस्तुत गरेकोप्रति आपत्ति जनाएकी छन् ।

**आजको विचार...**



न्याय... (दुई पेजमा)

बाबुराम दहाल

अभिनेत्री जसिता गुरुङ र अभिनेता अनमोल केसीको 'रिलेसनसिप'को गाइँगुइँ चल्न थालेको धेरै भयो । 'फर्की फर्की' फिल्म गरेयता यी दुईको अभिनय रहेको 'जेरी अन टप' बक्सअफिसमा हिट रह्यो । यी दुईले आफूहरूबीच प्रेम सम्बन्ध रहेको कुरालाई सार्वजनिकरुपमा स्वीकार भने गरेका छैनन् । यद्यपि, कतिपय क्रियाकलाप र सामाजिक सञ्जालका पोस्ट हेर्दा यी दुईजना गहिरो प्रेम सम्बन्धमा रहेको कुरा बुझ्न सकिन्छ । जसिताले इन्स्टाग्राम स्टोरीमा हालेको भिडियोको अहिले निकै चर्चा भैरहेको छ ।



❒ वर्ष ३१ ❒ अंक २५६ ❒ २०८३ बैशाख १ गते मंगलबार 14 April 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# मूल्यवृद्धिका कारण निर्माण व्यवसायीले काम रोकेपछि पूर्वाधार आयोजनाका काम ठप्प

## काम रोकिएपछि तानसेन नगरपालिकाले पठायो सरकारलाई पत्र

**कृष्ण पोखरेल**

**तानसेन,** चैत ३०/यहाँका निर्माण व्यवसायीले इन्धनजन्य सामग्री तथा निर्माण सामग्रीमा भइरहेको अत्यधिक मूल्यवृद्धिका कारण काम रोकेपछि तानसेन नगरभित्रका आयोजनाहरुको काम ठप्प भएको छ । मध्यपूर्वमा जारी युद्धका कारण डिजेल, पेट्रोल, मट्टितेल लगायत इन्धनजन्य सामग्रीमा पटक-पटक भइरहेको अप्रत्याशित मूल्यवृद्धिले निर्माण क्षेत्र गम्भीर संकटमा परेको अवस्थामा निर्माण व्यवसायीले काम रोकेपछि यहाँका पूर्वाधार विकासका आयोजनाहरू ठप्प हुन पुगेका हुन् ।

पुर्वाधार क्षेत्रमा कार्यरत निर्माण व्यबसायीदेखी उपभोक्ताले बढ्दो मुल्यबृद्धिको कारण काम गर्न नसक्ने जनाएपछि तानसेन नगरपालिकाले संघीय सरकारसँग विशेष सहुलियत र नीतिगत निर्णयका लागि भन्दै पत्र पठाएको छ । सम्झौता भइसकेका योजनाहरू अगाडि बढाउन कठिन भएको भन्दै नगरपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरेको हो । मूल्यवृद्धिसँगै ढुवानी खर्च र मेसिनरी सञ्चालन लागतमा समेत अत्यधिक मुल्यबृद्धि भएपछि निर्माण व्यवसायी र उपभोक्ता समितिहरूले पुरानो सम्झौता अनुसार काम गर्न नसक्ने जनाएपछि तानसेन नगरपालिकाले विशेष सहुलियत तथा नितिगत निर्णयको लागि सरकारलाई पत्राचार गरेको हो । नगरपालिकाको खयर्तुङ्ग चण्डिभञ्ज्याङ्ग नामीकुवा सडक, पोडेखोल्सा, पोलधारा र अपुभिलेज क्षेत्रमा ढल तथा सडक सुधार, वडा नं. ३ मिलनसार कृषि थोक बजारकेन्द्रदेखी सिदुरे धारा क्षेत्रको सडक स्तरोन्नती तथा धारा व्यवस्थापन, गोर्खेकोट देउरालीदेखी आपटारी सडक स्तरोन्नती, वडा नं. ५ को ढुङ्गाखानी सडक स्तरोन्नती, वडा नं. ९ को तिन्टीआप क्षेत्रको सडक स्तरोन्नती, वडा नं. ७ को पक्लुवा क्षेत्रको सडक स्तरोन्नती, वडा नं. ११ को बडरबोट सडक क्षेत्र सुधार जस्ता लिप्सका ७ वटा सडक सुधार कार्यक्रममा मुल्यबृद्धिकै कारण प्रभावित भएका छन् । यसैगरी संघीय सरकार अर्न्तगतका बतासेडाँडा चण्डीभञ्ज्याङ्ग राजुवास सडक, खल्डुकबोट खानेपानी योजना मुल्युबृद्धिका कारण काम गर्न नसक्ने निर्माण व्यबसायीले नगरपालिकालाई जानकारी गराएका छन् । यसैगरी तानसेन नगरपालिकाले खुलाएको ठेक्कामा मुल्य बृद्धि भएकै कारण कुनै पनि निर्माण व्यबसायीले आवेदन हालेनन् । चिलाङ्दी ढुङ्गाखानी सडक र बाँसटारी सडक क्षेत्रमा ठेक्का नलागेका कारण सडक सुधार कार्यक्रम अलपत्र परेको तानसेन नगरपालिका पुर्वाधार शाखाका प्रमुख ईन्जिनियर राम प्रसाद श्रेष्ठले बताए । नगरका आयोजनाहरू अलपत्र पर्न नदिन केन्द्र सरकारको ध्यानाकर्षण गराएको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए ।



पेट्रोलियम पदार्थ र निर्माण सामग्रीमा भएको मूल्यवृद्धिले निर्माण व्यवसायी र उपभोक्ता समितिहरू सम्झौता अनुसार काम अगाडि बढाउन नसक्ने बताएपछि, आयोजनाहरू समयमै सम्पन्न गर्ने र विकासको गतिलाई निरन्तरता दिनको लागि सरकारी दररेट पुनरावलोकन र आवश्यक सहुलियतका लागि तत्काल नीतिगत निर्णय लिनको लागि नगर कार्यपालिकाको बैठकबाटै निर्णय गरेर केन्द्रमा पठाएको नगर प्रमुख श्रेष्ठले बताए । कार्यपालिकाको २०८२ जेठ २७ गते बसेको बैठकले निर्माण कार्यलाई सहज बनाउन तीन बुँदे सहुलियतको माग गर्ने निर्णय गरेको छ । कार्यपालिकाको बैठकले प्रभावित आयोजनाहरूको आवश्यकता अनुसार काम गर्ने म्याद थप गरी सहुलियत प्रदान गरिनुपर्ने, निर्माण सामग्री र ढुवानीको वर्तमान बजार मूल्यलाई आधार मानी दररेटलाई यथार्थपरक बनाउनुपर्ने र आवश्यकता अनुसार बजेट समायोजन तथा थप विनियोजनको व्यवस्था मिलाउनुपर्ने निर्यण गरी केन्द्र सरकारलाई पत्राचार गरेको तानसेन नगरपालिका प्रवक्ता यादव सिंह कार्कीले बताए । मुल्यबृद्धिको कारण, निर्माण व्यबसायीका ठूला योजना मात्र होईन, उपभोक्ता समितिले गर्ने पुर्वाधारका स-साना कामहरु समेत रोकिएको नगरपालिकाले जनाएको छ ।

## सक्षिप्त समाचार

### खाडी नाकाबन्दीले युद्ध भन् चर्किने सङ्केत

**(रासस/एएफपी)**

**तेहरान,** चैत ३०/अमेरिका र इरानबीचको तनाव नयाँ उचाइमा पुगेको छ । वार्ता असफल भएसँगै अमेरिकी सेनाले सोमबारदेखि इरानी बन्दरगाहहरूमा नाकाबन्दी लागू गर्ने घोषणा गरेपछि क्षेत्रीय युद्ध थप चर्किने सङ्केत देखिएको छ, जसले विश्वव्यापी अर्थतन्त्र र ऊर्जा आपूर्तिमा गम्भीर असर पार्ने चिन्ता बढाएको छ । पाकिस्तानको इस्लामाबादमा भएको उच्चस्तरीय वार्ता निष्कर्षविहीन बनेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले आफ्नो आणविक कार्यक्रम त्याग्न अस्वीकार गरेको आरोप लगाए । उनका उपराष्ट्रपति जेडी भान्स वार्ताबाट बाहिरिएपछि ट्रम्पले रणनीतिक महत्त्वको होर्मुज जलडमरूमध्यसँग सम्बन्धित कडा कदम चाल्ने सङ्केत दिएका थिए । अमेरिकी सेन्ट्रल कमान्डका अनुसार सोमबार १४०० जिएमटीदेखि अरबको खाडी र ओमानको खाडी क्षेत्रका सबै इरानी बन्दरगाहहरूमा प्रवेश वा प्रस्थान गर्ने जहाजमाथि नाकाबन्दी लागू गरिनेछ । यद्यपि गैर-इरानी बन्दरगाहतर्फ जाने जहाजहरूको आवागमनमा अवरोध नपारिने स्पष्ट पारिएको छ । ट्रम्पले आफ्नै सामाजिक सञ्जालमार्फत यो निर्णय पुष्टि गर्दै प्रारम्भिक भनाइभन्दा सीमित तर रणनीतिक रूपमा महत्त्वपूर्ण कदम भएको सङ्केत गरेका छन् ।




## नयाँ वर्ष २०८३ शुभारम्भ, हर्षोल्लाससहित मनाइँदै

**हाम्रा संवाददाता**

**पाल्पा,** चैत ३०/नेपाली नयाँ वर्ष वैशाख १ गते मनाइन्छ । नेपाली पात्रो विक्रम संवत्मा आधारित छ । विसं २०८२ साल सकिएर आज मंगलबारदेखि ०८३ सालको शुभारम्भ भएको छ । विक्रम संवत्अनुसार यो दिनलाई नयाँ वर्षको पहिलो दिन मानिन्छ । नयाँ वर्षको दिन नेपालभरि विभिन्न कार्यक्रमहरू आयोजना गरिदैं छ ।

मानिसहरू एक-अर्कालाई शुभकामना आदानप्रदान गर्ने, रमाइलो गर्ने र नयाँ वर्षको अवसरमा नयाँ संकल्पहरू लिने गर्दछन् । यो दिनलाई नयाँ आशा र उत्साहको दिनको रूपमा लिइन्छ । यो दिनलाई नयाँ सुरुवातको दिनको रूपमा लिइन्छ, र मानिसहरूले नयाँ वर्षमा आफ्नो जीवनमा सकारात्मक परिवर्तनहरू ल्याउने संकल्प गर्दछन् । नयाँ वर्ष प्रेमजोडीहरूका लागि विशेष अवसर हो । यो समय एकअर्कासँगको सम्बन्धलाई थप मजबुत बनाउने र नयाँ सम्झनाहरू सिर्जना गर्ने समय हो । यस वर्ष नयाँ वर्षको आगमनलाई विगतको भन्दा आउँदा दिन अझ बढी फलदायी र सुखमय रहून् भन्ने कामनाका साथ उल्लासमय ढङ्गले मनाइँदै छ । विगतका दिनमा भएका हानिनोक्सानी तथा राम्रा नराम्रा घटनाक्रमको विवेचना गरेर आउँदा दिनमा ती सबै अनुभवलाई पाठका रूपमा अँगाल्दै विभिन्न खाले रचनात्मक कार्य थालेर नयाँ जीवनको आरम्भ गर्ने सङ्कल्प यही दिनमा गर्ने गरिन्छ ।




-बाँकी तीन पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## नयाँ वर्ष, नयाँ आशा

आज नयाँ वर्षको आरम्भिक दिन । २०८२ साललाई विदाई गरेर आजैदेखि २०८३ लाई स्वागत गर्दैछौं । विभिन्न भोगाइ र घटनाका अनुभव दिलाएर ०८२ हामीबाट बिदा लिएको छ । ८३ साललाई आपसमा शुभकामना दिँदै स्वागत गर्दैछौं । देशभरि नै यस दिनलाई आपसमा शुभकामना आदान-प्रदान गर्ने र आगामी समयका लागि सङ्कल्प गर्ने दिनका रुपमा लिइएको छ । हरेक नयाँ वर्षको आरम्भ भएसँगै चौतर्फी एउटा छुट्टै उत्साह र उमङ्गको माहोल बनेको हुन्छ । नयाँ वर्षले जोस-जाँगरको सन्दर्भमा होस् या केही नयाँ र फरक गर्ने प्रतिबद्धतामा होस्, एउटा ठोस आकार प्रदान गर्छ भन्ने आममान्यता छ ।

विश्वका हरेक देशमा पुरानो वर्षको बिदाइ र नव वर्षको आगमनमा स्वागत गर्ने आ-आफ्नो किसिमको कार्यशैली छ । विगतमा घटेका जे-जस्ता घटनाहरु भएपनि त्यसलाई चटक्क बिर्सिई नयाँ जोस र जाँगरलाई अगाडि बढाएर सुखद भविष्यको परिकल्पना गर्नु स्वाभाविकै हो । विगत वर्षहरुझैं २०८२ पनि अब इतिहास भइसकेको छ । भूतकालमा भएका कमी-कमजोरी र त्रुटि सम्झिएर चिन्तित हुनुभन्दा इतिहासलाई गुरु ठानेर भविष्यको सम्यक विश्लेषण र दिशा निर्धारण गर्नतिर सचेत रहनु मानवीय धर्म हो, कर्तव्य हो । एउटा वर्ष सकिनु भित्तामा पात्रो फेरिनु मात्रै होइन । विगतमा भएका घटना र यसबाट पाठ सिक्दै आगामी सम्भावनाको खोजी पनि नयाँ वर्षले गर्छ । वितेको वर्षमा भएका घटनाबाट व्यक्ति, समाज र राष्ट्रले धेरै शिक्षा लिन सक्छ । आगामी वर्षमा कसरी अघि बढ्ने भन्नेबारे मार्गचित्र बनाउन सक्छ ।

वास्तवमा राजनीतिक दृष्टिले वर्ष, २०८२ निकै उथलपुथलपूर्ण रह्यो । तर वर्षको अन्त्यतिर मुलुकको शान्ति, स्थायित्व र समृद्धिका लागि नयाँ जनादेशसहित स्पष्ट मार्गनिर्देश प्राप्त भयो । वर्ष २०८२ को मध्यतिर 'जेनजी' को विद्रोहपूर्ण आन्दोलनले एउटा मार्गबाट हिँडिरहेको राजनीतिलाई नयाँ शिराबाट अघि बढाउन हस्तक्षेपकारी भूमिका निर्वाह गरेको छ । विद्यमान निर्वाचन प्रणालीबाट कुनै एक दलको बहुमत नआइरहेको अवस्थालाई चिर्दै यसपटक रास्वपाले एक्लै १८२ स्थानमा विजयी हासिल गरेसँगै गठबन्धन गरी सरकार बनाउनुपर्छ भन्ने भाष्यलाई अन्त्य गरिदिएको छ । सरकारका केही सकारात्मक प्रयासहरूले वर्ष २०८२ को सुधारिएको राजनीति आगामी वर्षका लागि प्रेरणाको स्रोतका रूपमा रहने ठानिएको छ । यसर्थ पनि नयाँ वर्षसँगै नयाँ आशा भने पलाएको छ । नयाँ वर्षको नवउत्साहसँगै सबैमा नयाँ वर्षको शुभकामना !

### Opinion @ Social Network

जिन्दगिमा सबै पुगेकै छ
नपुगेको त त्यहीँ पैसा, सपना र निन्द्रा हो, पुराउँला नि कुनै दिन ।
*(निषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Nisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# न्याय क्षेत्र कसरी सुधार्ने ?



## बाबुराम दहाल

*न्यायपालिकाका प्रमुखहरूले दबाब झेल्न र पर्गेल्न नसक्दा सिंगो न्यायपालिका आक्रान्त छ । विभिन्न प्रकारको दबाबले गर्दा न्यायालयमा असल न्यायाधीश भएर काम गर्ने वातावरण बन्न सकेको छैन । सुधार गर्न सकिनँ भन्ने र नगर्ने लाचारहरूको कारणले सिंगो न्यायपालिकाप्रति वितृष्णा बढेको छ । अकर्मण्यहरूले न्यायपालिका नेतृत्व गर्न सक्नुहुन्न, छोड्नुपर्दछ । सम्माननीय प्रधानन्यायाधीशले आफ्नो नेतृत्वमा यी काम तत्काल सुधार गर्नु-गराउनु पर्दछ । कार्यपालिका र व्यवस्थापिकाको दबाब र नियन्त्रणभन्दा बाहिर न्याय क्षेत्रलाई राख्नका लागि न्याय क्षेत्रमा राजनीति निषेध हुनुपर्छ । न्याय क्षेत्रको पदमा आसीन जोकोहीले पनि राजनीतिक दलको सामीप्यता मन, वचन र कर्मले त्याग्नु पर्दछ । को-कसले त्यागेका छैनन्, त्यो उनीहरूको काम, व्यवहार, उठबसबाटै सबैलाई थाहा भइरहेको छ र हुने नै छ । उजुरीहरूको समयमै फस्र्यौट नगर्ने, के, कुन, कति उजुरी आएका छन् ? कति फस्र्यौट भयो ? मासिक रूपमा जानकारी दिन आवश्यक ठानेको छैन । कानुन व्यवसाय र नोटरी पब्लिकलाई विश्वको अरू देशकोझैं सम्मानित, विश्वसनीय, जिम्मेवार, बनाउन सकिएको छैन । महान्यायाधिवक्ताले नेपालको संविधानबमोजिम गर्ने काम मध्ये धारा १५८(६)(ख) मा 'सर्वोच्च अदालतबाट कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने-गराउनेसमेतको काम गर्नुपर्ने' भनेर तोकिएको छ ।*

न्याय क्षेत्र (न्यायाधीश, महान्यायाधिवक्ता, कानुन व्यवसायी, कानुनका शिक्षक प्राध्यापक, नोटरी पब्लिक, न्याय सेवाका राष्ट्रसेवकमा स्वतन्त्र, निष्पक्ष, निर्भीक न्यायको लागि खटिइरहनु भएकाहरूको अझ बढी उच्च मनोबल कायम गरेर न्याय क्षेत्रको साख अभिवृद्धि गर्नका लागि न्याय क्षेत्रबाटै सुधार सुरु गर्नु पर्दछ । न्याय क्षेत्रमा हुनुपर्ने सुधारका लागि विभिन्न पदमा पदासीनहरूले प्रतिबद्धता, पारदर्शिता, जबाफदेहिता र जागरूकता देखाइ आृनो ठाउँबाट स्टेट्मेनसीपपूर्ण कार्य हुनुपर्ने समयको माग छ । आधार कारण उल्लेख नगरी, सीमित घेराका मानिसबिच गरिने अपारदर्शी निर्णयको अब कसैले जिम्मेवारी लिँदैन र लिनु पनि हुँदैन । निर्णयको आधार कारण खोजिनेछ । यी विषयलाई उजागर गरी न्याय क्षेत्रमा जागरण ल्याउने प्रतिबद्धता गरिनु पर्दछ । कानुन व्यवसायका धरोहरहरूले पुनीत उद्देश्यका साथ स्थापना गरेको, मलजल गरेको, हुर्काएको कारणबाट ऐतिहासिक र संवैधानिक गरिमा पाएको नेपाल बार एसोसिएसनको कार्यसमिति आफ्नै विधानको धारा ३ मा उल्लेखित उद्देश्यबाट च्युत भएको छ । विधानमा उल्लेखित उद्देश्यका काम नगर्ने, गर्न नसक्ने र पदाधिकारीको आफ्नो दलको अनुकूल विज्ञप्ति प्रकाशन गर्ने निम्छरो निकायको रूपमा यसलाई थला पारिएको छ । नेपाल बार एसोसिएसनप्रति कानुन व्यवसायी, न्याय क्षेत्र र जनताको विश्वास पुनर्स्थापित गर्नु पर्नेछ ।

नेपाल बार एसोसिएसन केन्द्रीय कार्यसमिति र केही बार इकाइहरू राजनीतिक दलका टिकटबाट जितेका र चलेका छन् । आफ्नो राजनीतिक दलको सदस्य वा कट्टर समर्थक नभई कानुन व्यवसायीलाई सदस्यतासम्म पनि नदिने, राजनीतिक दलका आफ्ना बारका रूपमा परिणत गरिएको छ । यसमा चरम राजनीति हाबी भएको कारणले पेसागत कामभन्दा नेपाल बार एसोसिएसन अन्तै लागेको देखिन्छ । सिंगो न्याय क्षेत्रमा राजनीति प्रवेश हुने मूल ढोका बार भएको छ । यो अवस्था कायम रहेसम्म यो संस्थाको साख अरू गिर्दै जाने निश्चित छ । राजनीतिबाट नेपाल बार एसोसिएसनलाई मुक्त गर्न फलामको चिउरा चपाए जस्तै गाह्रो भए पनि यसलाई २४ हजार कानुन व्यवसायीको पेसागत हकहित र पेसागत योग्यता, दक्षता अभिवृद्धि गर्ने साझा र प्रिय संगठन बनाउने र सिङ्गो न्याय क्षेत्र सुधारको नेतृत्वकर्ताको रूपमा नेपाल बार एसोसिएसनलाई पुन:स्थापित गर्नु पर्नेछ । न्याय परिषद्ले संविधान र ऐनले सुम्पेको काम समयमै पारदर्शी ढंगले गरेको छैन, उजुरीहरू थन्केका छन् । भ्रष्ट न्यायाधीशविरुद्ध विशेष अदालतमा आरोप पत्र जानुपर्नेमा गएको छैन । कारबाही वा उन्मुक्ति के गर्ने हो ? त्यो समयमा नहुँदा, नगर्दा असल र खराब न्यायाधीश एकैजस्तो हुनुपरेको छ । प्रत्येक महिना उजुरीको फस्र्यौट र बाँकीको अवस्था सार्वजनिक गरिनु पर्दछ, बहानाबाजीको यसमा स्थान छैन । न्याय परिषद्को संरचनालाई दोष दिएर समयमा न्यायाधीश नियुक्ति नगर्ने, जिल्लादेखिका न्यायाधीशलाई स्थान नदिने, कार्यपालिकाको दबाबमा भनेर न्यायाधीश हुन अयोग्यहरू र राजनीतिक दलको कोटामा न्यायाधीश नियुक्ति गर्ने कार्य न्यायपालिकाको प्रमुख प्रधानन्यायाधीश र वरिष्ठतम न्यायाधीशले कुनै हालतमा गर्नु हुँदैन । न्यायपालिकाका प्रमुखहरूले दबाब झेल्न र पर्गेल्न नसक्दा सिंगो न्यायपालिका आक्रान्त छ । विभिन्न प्रकारको दबाबले गर्दा न्यायालयमा असल न्यायाधीश भएर काम गर्ने वातावरण बन्न सकेको छैन । सुधार गर्न सकिनँ भन्ने र नगर्ने लाचारहरूको कारणले सिंगो न्यायपालिकाप्रति वितृष्णा बढेको छ । अकर्मण्यहरूले न्यायपालिका नेतृत्व गर्न सक्नुहुन्न, छोड्नुपर्दछ । सम्माननीय प्रधानन्यायाधीशले आफ्नो नेतृत्वमा यी काम तत्काल सुधार गर्नु-गराउनु पर्दछ । कार्यपालिका र व्यवस्थापिकाको दबाब र नियन्त्रणभन्दा बाहिर न्याय क्षेत्रलाई राखनका लागि न्याय क्षेत्रमा राजनीति निषेध हुनुपर्छ । न्याय क्षेत्रको पदमा आसीन जोकोहीले पनि राजनीतिक दलको सामीप्यता मन, वचन र कर्मले त्याग्नु पर्दछ । को-कसले त्यागेका छैनन्, त्यो उनीहरूको काम, व्यवहार, उठबसबाटै सबैलाई थाहा भइरहेको छ र हुने नै छ । यसमा सुधार ल्याउन आवश्यक कार्य गर्नुपर्नेछ । न्याय क्षेत्र अवैध लेनदेनमुक्त हुनुपर्छ । यस सम्बन्धमा पूर्वप्रधान न्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको प्रतिवेदन, वरिष्ठ अधिवक्ता श्रीहरि अर्याल नेतृत्वको प्रतिवेदनसहितका अन्य प्रतिवेदनहरूमा र व्यापक जनगुनासो रहेका केही उदाहरणहरू : बहस फीसँगै सुरुमै/पछि पनि जिताउली पनि लिने वकिलहरू, न्यायाधीशहरूको विभिन्न वकिल तथा अरू व्यक्तिहरूसँगको विशेष सम्बन्ध, कोही वकिललाई अत्यन्त महत्त्व दिने र कोही वकिललाई लाई महत्त्वहीन ठानी अपमान गर्ने बेन्चहरूको कारणले हुने अवैध लेनदेन, अदालतको क्लिष्ट कार्यविधिको कारणबाट काम गर्ने, गराउने, सहयोग गर्ने नाममा न्यायको काममा ठगिएका सेवाग्राही सबैलाई न्याय क्षेत्र सुधार चाहिएको हुँदा निर्भीकताका साथ उन्मूलनको लागि काम गर्नु पर्नेछ । नेपाल कानुन व्यवसायी परिषद् र नेपाल नोटरी पब्लिक परिषद्ले कानुन व्यवसायी र नोटरी पब्लिकको कानुनबमोजिम नियमन समयमा गरिरहेका छैनन् । उजुरीहरूको समयमै फस्र्यौट नगर्ने, के, कुन, कति उजुरी आएका छन् ? कति फस्र्यौट भयो ? मासिक रूपमा जानकारी दिन आवश्यक ठानेको छैन । कानुन व्यवसाय र नोटरी पब्लिकलाई विश्वको अरू देशकोझैं सम्मानित, विश्वसनीय, जिम्मेवार, बनाउन सकिएको छैन । यसतर्फ ती निकायहरूलाई कुनै वास्ता छ जस्तो देखिएको छैन । ती निकायबाट हुनुपर्ने यी र यस्ता अरू पनि धेरै विषयबारे दबाबमूलक कार्य गर्ने गराउने छौं । महान्यायाधिवक्ताले नेपालको संविधानबमोजिम गर्ने काम मध्ये धारा १५८(६)(ख) मा 'सर्वोच्च अदालतबाट कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने-गराउनेसमेतको काम गर्नुपर्ने' भनेर तोकिएको छ । तर, यसतर्फ कुनै काम भएको पाइएको छैन । यस्ता सिद्धान्तको कार्यान्वयनमा हाम्रो पूर्ण चासो रहेकोले हामी यसमा जागरणको काम हुनेछ । देशको लागि आवश्यक गुणस्तरीय न्यायिक जनशक्तिको लागि कानुन अध्ययन-अध्यापन गर्ने/गराउने विश्वविद्यालयहरूको पाठ्यक्रम, क्रेडिट आवर, गुणस्तर विकासमा कसैले ध्यान दिएको छैन । सिंगो न्याय क्षेत्र यसमा जिम्मेवार हुनु पर्दछ । यो हाम्रो क्षेत्र हो, यसमा अरू कसैले आएर काम गर्दैन । मुद्दा मामिलाहरू बढिरहेको, तर बजेट अपुग भएको भन्ने गुनासो छ । न्याय क्षेत्रमा पुग्ने गरी बजेट विनियोजन हुनुपर्दछ । न्याय क्षेत्रमा न्यायाधीश, कानुन व्यवसायी, कर्मचारी सबैलाई व्यावहारिक तालिमको अत्यन्त आवश्यक भएकोले पुग्ने गरी बजेट व्यवस्था हुनुपर्दछ । जबाफदेहिता लिनुपर्ने, आधार, कारणसहित निर्णय गर्नुपर्ने र साहस दिन नै आदेश वा निर्णय दिनुपर्ने कारणबाट कार्यालय समयभन्दा बढी काम गरेको पारिश्रमिक, आवश्यक कार्यालय सामानहरूका लागि पुग्ने बजेट नेपाल सरकारले न्याय क्षेत्रमा विनियोजन हुनुपर्दछ । विश्वमा प्रचलन रहेको राष्ट्रिय बजेटको एक प्रतिशत न्याय क्षेत्रमा छुट्टाउनु पर्दछ । यसमा सम्बन्धित सबैलाई ध्यानाकर्षण गराउने छौं । यो अभियानलाई जोड्दै ८९ वटा बार इकाई, ७७ जिल्ला अदालत, १८ उच्च अदालत, सबै अदालत र न्यायाधिकरणहरूमा न्यायिक वातावरण बनाउन आवश्यक काम गर्नु पर्नेछ । यो कार्य कसैको पक्ष वा विपक्षमा छैन, तर सुधार नगरी नहुने कुरामा हामी समर्पित भएर गर्नु पर्नेछ । यस्तो अभियानमा मन, वचन र कर्मले एउटै भएका असल कानुन व्यवसायी र न्याय क्षेत्रका असल व्यक्तिले योगदान गर्न सक्छन् । यो कार्य कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने-गराउने अठोट लिनुभएका कानुन व्यवसायी तथा न्याय क्षेत्रका सबैलाई अभियन्ता, समर्थक, शुभेच्छुकका रूपमा सबैले साथ दिनुपर्दछ ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : उत्साह र आत्मविश्वास बढ्नेछ। नयाँ कुरा सिक्ने अवसर मिल्ने सम्भावना छ। | **तुला** : अनुसन्धानको कार्यमा सफलता मिल्नेछ। नयाँ अवसर प्राप्त हुनेछ। |
| **वृष** : अनुभवको लाभ मिल्नेछ। कार्यक्षेत्रमा सानो प्रयासले पनि राम्रो परिणाम दिनेछ। | **वृश्चिक** : राजनीतिक क्षेत्रमा प्रभावशाली व्यक्तित्व निर्माण गर्ने समय रहेको छ। |
| **मिथुन** : धार्मिक कार्यमा संलग्न हुने अवसर मिल्नेछ। सहकर्मीहरूबाट सहयोग प्राप्त हुनेछ। | **धनु** : कार्यक्षेत्रमा उत्साह बढ्नेछ। नयाँ काम सुरु गर्ने अनुकूल समय रहेको छ। |
| **कर्कट** : यात्राबाट लाभ हुने संकेत छ। काममा निरन्तरताले सफलता मिल्नेछ। | **मकर** : नयाँ योजनातर्फ सफल हुने सम्भावना छ। आर्थिक पक्ष सबल रहनेछ। |
| **सिंह** : आर्थिक पक्षमा सुधार आउनेछ। परिवारका सदस्यहरूसँग सहकार्य बढ्नेछ। | **कुम्भ** : भौतिक संसाधन जुट्नेछ। प्रतिस्पर्धाको दौडमा सफलता दिलाउनेछ। |
| **कन्या** : स्वास्थ्यमा सामान्य सुधार आउनेछ। प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। | **मीन** : सोचे अनुसार फाइदा नहुन सक्छ। नियम मिचेर काम गर्दा दु:ख पाइनेछ। |

## विज्ञान / सूचना प्रविधि

# अन्तरिक्ष यात्रीले चन्द्रमाको नजिकैबाट के-के देखे ?



नासाको बहुप्रतिक्षित आर्टेमिस-२ चन्द्रमिसनका अन्तरिक्ष यात्रीहरू चन्द्रमाको अत्यन्त नजिक पुगेर अन्तरिक्षयानबाटै पूर्ण सूर्यग्रहणको दृश्य अवलोकन गरेपश्चात् अब पृथ्वी फर्किने क्रममा रहेका छन् । यस चन्द्र अभियानमा सहभागी अन्तरिक्ष यात्रीहरू शनिबार बिहान पृथ्वीमा अवतरण गर्नेछन् । मिसनका कमाण्डर रेड वाइजम्यानका अनुसार ओरियन अन्तरिक्षयानका चालक दलले यस्ता दृश्यहरू देखेका छन् जुन आजसम्म कुनै पनि मानिसले देखेका थिएनन् । त्यस्तै आर्टेमिस मिसनका पाइलट भिक्टर ग्लोभरले आफूहरूले देखेको दृश्य बयान गर्नका लागि शब्द नै नभएको बताएका छन् । सो यात्राका क्रममा अन्तरिक्षयानले पृथ्वीबाट करिब २ लाख ५२ हजार ७५६ माइल अर्थात् ४ लाख ६ हजार ७७१ किलोमिटर दूरी पार गरेको थियो । यो भनेको कुनै पनि मानिसले अन्तरिक्षमा तय गरेको अहिलेसम्मकै सबैभन्दा लामो दूरी हो । चन्द्रमाको पछाडि पट्टिको भागमा पुगेपछि अन्तरिक्ष यात्री र नासाबीच सम्पर्क विच्छेद भएको थियो । त्यसरी करिब ४० मिनेटसम्म सम्पर्क टुट्ने कुरा पहिले नै जानकारी थियो । सम्पर्क पुन: स्थापित भएपछि मिशन विशेषज्ञ क्रिस्टिना कोचले अन्तरिक्षयानबाट प्रतिक्रिया दिँदै भनिन पृथ्वीबाट फेरि आवाज सुन्न पाउँदा अत्यन्तै अद्‍रुभूत महसुस भयो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि अन्तरिक्ष यात्रीहरूसँग प्रत्यक्ष संवाद गरेका थिए । ट्रम्पले भनेका थिए, हतपाईंहरूले इतिहास रच्नुभएको छ र सम्पूर्ण अमेरिकालाई गर्व महसुस गराउनुभएको छ ।' साथै उनले अन्तरिक्ष यात्रीहरूलाई पृथ्वीमा फर्केसँगै ह्वाइटहाउसमा आउन निम्तो समेत दिए । अन्तरिक्षयात्रीहरू अमेरिकाको पश्चिमी तट नजिक रहेको प्रशान्त महासागरमा अवतरण गर्ने अपेक्षा गरिएको छ ।

**अन्तरिक्ष यात्रीहरू कति सुरक्षित छन् ?**

नासाका एक अवकासप्राप्त अन्तरिक्ष यात्री तथा इन्टरनेसनल स्पेस स्टेसनका कमाण्डर समेत रहिसकेका टेरी भिट्र्सले चिन्ताजनक तर यथार्थपरक धारणा व्यक्त गरेका छन् । उनका अनुसार यस मिसनमा अन्तरिक्षयानका चालक दलले चन्द्रमाको गुरुत्वाकर्षण शक्तिको प्रयोग गर्दै त्यसको परिक्रमा गर्नुपरेको थियो । उनका अनुसार आर्टेमिस मिसनका अन्तरिक्षयात्रीहरू अन्तरिक्षमा अत्यन्त टाढा छन् । यदि उनीहरूको ज्यानमा कुनै खतरा आयो भने उनीहरूलाई बचाउने कुनै उपाय छैन । टेरीका अनुसार अन्तरिक्ष यात्रीहरूले अत्यन्त शक्तिशाली विकिरणको सामना गरिरहेका छन् । अनि केवल केही मिलिमिटर बाक्लो एल्युमिनियमको तह बाहिर उनीहरूका लागि तत्काल मृत्युको जोखिम मडारिरहेको हुन्छ । उनी भन्छन्, 'पूरै १० दिनको मिशनलाई पूर्णरूपमा सुरक्षित भन्न सकिँदैन । तर अहिलेसम्म कुनै असामान्य घटना भएको छैन । आज त केवल यति भयो कि यो क्याप्सुल चन्द्रमाको नजिकबाट गुज्रियो ।' उनका अनुसार अन्तरिक्षयानले चन्द्रमाको गुरुत्वाकर्षण प्रयोग गरेर आफ्नो उडानको दिशा करिब १८० डिग्रीले मोडेको छ । जसले क्याप्सुललाई पुन: पृथ्वीको दिशामा फर्काइरहेको छ । हल्का ठट्टा गर्दै उनी भन्छन्, 'यहाँ त आइज्याक न्युटनले नै कमाण्ड सम्हालिरहेका छन् । अब गुरुत्वाकर्षणाले नै क्याप्सुललाई बाटो देखाइरहेको छ ।' नासाकी विज्ञान प्रमुख डाक्टर निकोला फक्सका अनुसार अन्तरिक्ष यात्रीहरूले मिशनको यस महत्वपूर्ण चरणका लागि धेरै वर्षसम्म तयारी गरेका थिए । उनीहरूले नासाको टोलीसँग मिलेर चन्द्र विज्ञानको गहिरो अध्ययन गरेका थिए । अन्तरिक्षयात्रीहरूले निकै उत्कृष्ट काम गरेको र चन्द्रमासम्बन्धी धेरै महत्वपूर्ण जानकारीहरू प्रदान गरेको उनी बताउँछिन् ।

**आर्टेमिस-२ मिसनका खास पक्षहरू**

आर्टेमिस-२ मिशनको रकेटले केन्नेडी स्पेस सेन्टरबाट गत अप्रिल १ मा उडान भरेको थियो । उक्त ऐतिहासिक मिशनमा तीन अमेरिकी अन्तरिक्ष यात्रीहरू रेड वाइजम्यान, क्रिस्टिना कोच र भिक्टर ग्लोभरका साथै एक क्यानेडियन अन्तरिक्ष यात्री जेरेमी ह्यान्सेन पनि सहभागी छन् । नासाको आर्टेमिस कार्यक्रम तयार पार्न वर्षौंको मेहनत लागेको छ । हजारौं वैज्ञानिक र प्राविधिक यसमा संलग्न रहेका छन् । यसमा अहिलेसम्म करिब ९३ अर्ब अमेरिकी डलर खर्च भइसकेको छ । यसअघि करिब ५० वर्षअघि नासाको अपोलो कार्यक्रमबाट अमेरिकाले इतिहास रचेको थियो । सोही अन्तरिक्ष अभियान अन्तर्गत पहिलोपटक मानवले चन्द्रमामा पाइला टेकेको थियो।

**चन्द्रमा : सम्भावनाले भरिपूर्ण**

चन्द्रमाको सतह सुख्खा, धूलोयुक्त र बाँझो देखिए पनि वास्तविकता फरक रहेको वैज्ञानिकहरू बताउँछन् । बेलायतको नेचुरल हिस्ट्री म्युजियमकी ग्रह वैज्ञानिक सारा रसेलका अनुसार चन्द्रमामा उनै तत्वहरू छन् जुन हामी पृथ्वीमा पनि पाउँछौं । उनका अनुसार रेयर अर्थ एलिमेन्ट्स अर्थात् दुर्लभ धातुहरू जो पृथ्वीमा निकै सीमित मात्रामा पाइन्छन् ती चिजहरु चन्द्रमाका केही क्षेत्रमा पर्याप्त मात्रामा हुन सक्छन् । त्यस्तै फलाम र टाइटेनियमजस्ता धातुहरू पनि त्यहाँ पाइन्छन् । साथै हिलियम पनि चन्द्रमामा रहेको छ जसको प्रयोग सुपरकन्डक्टरदेखि मेडिकल उपकरणसम्म विभिन्न क्षेत्रमा गरिन्छ । तर चन्द्रमामा सबैभन्दा चासोको विषय भनेको पानी नै हो । रसेलका अनुसार चन्द्रमाका केही खनिजहरूमा पानी थुनिएको छ र ध्रुवीय क्षेत्रहरूमा उल्लेखनीय मात्रामा पानी हुन सक्छ । उनका अनुसार चन्द्रमामा यस्ता खाल्डाहरू छन् जहाँ सधै छायाँ रहने भएकाले त्यहाँ बरफ जमेको हुनसक्ने सम्भावना धेरै छ । यदि मानवले चन्द्रमामा बसोबास गर्ने योजना बनायो भने पानी अत्यन्त आवश्यक स्रोत हुनेछ । पानी पिउन मात्र होइन यसलाई हाइड्रोजन र अक्सिजनमा विभाजन गरेर सास फेर्नका लागि हावा उत्पादन गर्न र अन्तरिक्षयानका लागि इन्धन तयार गर्न पनि प्रयोग गर्न सकिन्छ । नासाको दीर्घकालीन लक्ष्य अब मंगल ग्रहमा मानव पठाउने रहेको छ । जसका लागि सन् २०३० को दशकको लक्ष्य राखिएको छ । तर प्राविधिक चुनौतीहरूलाई हेर्दा यो लक्ष्य निकै महत्वाकांक्षी मानिन्छ । यद्यपि कुनै पनि ठूलो यात्राको सुरुवात कतै न कतैबाट गर्नैपर्छ । अमेरिकाले त्यसको सुरुवात चन्द्रमाबाट गर्ने निर्णय गरेको छ । त्यसैले आर्टेमिस-२ मिशनलाई अत्यन्त महत्वपूर्ण मानिएको छ ।

*-अनलाइन खबर डटकम*

## नयाँ वर्ष २०८३...

...नयाँ वर्षको दिन भनेको नयाँ उमङ्ग, नयाँ उल्लास, नयाँ कामको सुरुवाती गरिने दिनका रूपमा लिइन्छ । त्यसैले यस दिनलाई नेपाल तथा विश्वभर छरिएर रहेका नेपालीले हर्षोल्लासका साथ मनाउने गर्छन् । नयाँ वर्ष प्रारम्भ भएको पहिलो दिन आज देश-विदेशमा रहेका नेपालीहरुले एकआपसमा शुभकामना आदानप्रदान गरेर मनाउँदै छन् । नयाँ वर्ष आरम्भका अवसरमा आज देशभर सार्वजनिक बिदा दिइएको छ । नयाँ वर्षमा सफलता मिल्ने शुभकामना एक अर्कामा व्यक्त गर्दै, मिष्ठान्न भोजन बाँड्दै, साँस्कृतिक उत्सव आयोजना गर्दै आज नयाँ वर्ष विशेष पर्वको रुपमा मनाउने गरिन्छ । संस्कृतिका जानकार ॠषिदेव शर्माले पुरानो वर्ष पूरा भएर नयाँ वर्ष लाग्ने क्रममा विशेष उत्साह एवं उमङ्गका साथ मनाइने विश्वव्यापी चलन रहेको बताउन्छन् । "नयाँ वर्ष भन्नेबित्तिकै नयाँ जोश, नयाँ सोच र नयाँ उमङ्ग थपिनु स्वाभाविक हो । त्यसमाथि मानिस आशावादी हुन्छ । आशाले भविष्य निर्माणलाई सघाउन मद्दत गर्छ" उनले भने "नेपालीमा जुन किसिमले नयाँ परिवर्तन आइरहेको छ, त्यसमा युवा पुस्ताले आफ्नोपनलाई बिर्सेका छन् ।"

**पाल्पाका पर्यटकीयस्थलमा भिड**

नयाँ वर्षको पहिलो दिन आज पाल्पाका विभिन्न पर्यटकीय तथा धार्मिक स्थलमा आन्तरिक पर्यटकको भिड लाग्ने गर्दछ । विभिन्न क्षेत्रबाट रमाइलो र आनन्दका लागि घुम्न आउने तथा नदीहरुमा स्नान गर्न आउने आन्तरिक तथा बाह्रय पर्यटकहरुले ति क्षेत्रहरुमा विहानैदेखि भिड लाग्ने गर्दछ । विशेष गरी तानसेनको श्रीनगरडाँडा, रानीमहल, रुरु क्षेत्र, तेल्घा, रिब्दीकोटको भैरवस्थान, रम्भाको रिमिघा लेक, कौडे लेक, तिनाउको जन्तीलुङ्ग, मरामकोट रम्भादेवी, बंशगोपाल पार्क, तालपोखरा, कौडेलेक, रिडी, राम्दी लगायतका चर्चित पर्यटकीय तथा धार्मिकस्थलहरुमा आन्तरिक तथा बाह्रय पर्यटकहरुको भिड लाग्ने गर्दछ । नयाँ वर्ष मनाउन विभिन्न कार्यक्रम गर्ने, पिकनिक खाने र घुम्न आउनेहरुले यहाँका पर्यटकीयस्थहरु पुग्ने गर्दछन् ।

नयाँ वर्ष २०८३ को शुभकामना
नववर्ष २०८३ सालको शुभ अवसरमा नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक, कर्मचारी तथा सम्पूर्ण महानुभावहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजेन्द्र लिमल — सचिव
बुद्धि प्रसाद शर्मा — सभापति
नेपाल नेत्र ज्योति संघ/पाल्पा लायन्स लाकौल आँखा अस्पताल
तानसेन, पाल्पा परिवार

हार्दिक मंगलमय शुभकामना
नववर्ष २०८३ को अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, सेवाग्राही, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रोपाइटर
सुरेश कुमार कर्माचार्य
कर्माचार्य कन्स्ट्रक्सन प्रा.लि.
तानसेन-२ पाल्पा

हार्दिक शुभकामना
नववर्ष २०८३ सालको शुभ अवसरमा सेयर सदस्य, कर्मचारी, सेवाग्राही एवं सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनी, शुभचिन्तकहरुमा सुख शान्ति, समृद्धि एवम दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विष्णु प्रसाद भण्डारी
शाखा प्रबन्धक
NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
तानसेन, पाल्पा परिवार

नयाँ वर्ष २०८३ को शुभकामना
नववर्ष २०८३ सालको शुभ अवसरमा नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक तथा सम्पूर्ण महानुभावहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रोपाइटर
संगम मेडिकल हल परिवार

हार्दिक मंगलमय शुभकामना
नववर्ष २०८३ सालको शुभ अवसरमा नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक, तथा सम्पूर्ण ग्राहक महानुभावहरुमा सुख, शान्ति, समृद्धिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
होटल श्रीनगर प्रा.लि परिवार
कैलाशनगर-५,तानसेन, पाल्पा

# हार्दिक मंगलमय शुभकामना

नववर्ष २०८३ सालको शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, व्यवस्थापन समिति, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

पुस्करराज रेग्मी, क्याम्पस प्रमुख
डा.राम प्रसाद शर्मा, संरक्षक
मेघराज नेपाल, का. अध्यक्ष

**तानसेन बहुमुखी क्याम्पस परिवार**
तानसेन, पाल्पा

# हार्दिक शुभकामना

नव वर्ष २०८३ सालको शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शेयर सदस्य, शिक्षासेवी तथा सम्पूर्ण शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

गंगा बहादुर खत्री, प्रिन्सिपल
जगदीश भट्टराई, वि.व्य.स. अध्यक्ष

**पाल्पा प्यारागन इङ्लिस बोर्डिङ्ग स्कूल परिवार**
तानसेन, पाल्पा

शैक्षिक सत्र २०८३ का लागि भर्ना खुल्यो।
हाम्रा विशेषताहरु : – नेपाल सरकारसँगको सहकार्यमा ब्रिटिश काउन्सिलद्वारा प्रदान गरिने इन्टरनेशनल स्कूल अवार्ड (ISA) (2020-2023) प्राप्त।
– ... मनोवैज्ञानिक ... आधारित परियोजना कार्यमार्फत अध्ययन अध्यापन।

# नयाँ वर्ष २०८३ को शुभकामना

नववर्ष २०८३ सालको शुभ अवसरमा नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक तथा सम्पूर्ण महानुभावहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

विष्णु प्रसाद श्रेष्ठ, सचिव
विनायक महर्जन, अध्यक्ष

**नारायण युवा क्लब परिवार**
तानसेन-३, पाल्पा

# नयाँ वर्ष २०८३ को शुभकामना

नववर्ष २०८३ सालको शुभ अवसरमा नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक तथा सम्पूर्ण सेवाग्राही, ... महानुभावहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**न्यू किरण रेष्टुरेण्ट**
तानसेन, पाल्पा

**किरण होटल एण्ड रेष्टुरेण्ट**
तानसेन, पाल्पा
(खाना तथा आरामदायी बासको व्यवस्था रहेको छ।)

# हार्दिक मंगलमय शुभकामना

नववर्ष २०८३ को अवसरमा श्री गणेश बचत तथा ऋण सहकारी लि. का कार्यकारी समिति, उपसमिति, पदाधिकारी लगायत सम्पूर्ण शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुलाई सुख समृद्धि एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**श्री गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन, पाल्पा

# हार्दिक शुभकामना

नववर्ष २०८३ सालको शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शेयर सदस्य, शिक्षासेवी तथा सम्पूर्ण शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**बेथल इङ्लिस बोर्डिङ्ग सेकेण्डरी स्कूल परिवार**
तानसेन, पाल्पा

# हार्दिक मंगलमय शुभकामना

नववर्ष २०८३ को शुभ अवसरमा विद्यार्थी, शिक्षक, व्यवस्थापन समिति, नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक तथा सम्पूर्ण महानुभावहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**तानसेन स्कूल अफ हेल्थ साइन्स**
तानसेन, पाल्पा

# नयाँ वर्ष २०८३ को शुभकामना

नववर्ष २०८३ सालको शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शेयर सदस्य, शिक्षासेवी तथा सम्पूर्ण शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

गोपाल पि.सी, प्रिन्सिपल
केदारलाल श्रेष्ठ, अध्यक्ष

**पाल्पा आवासिय माध्यमिक विद्यालय परिवार**
तानसेन, पाल्पा

# नयाँ वर्ष २०८३ को शुभकामना

नववर्ष २०८३ सालको शुभ अवसरमा नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनी, श्रमिक वर्ग, इष्टमित्र, शुभचिन्तक तथा सम्पूर्ण महानुभावहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सुरेश कुमार कर्माचार्य, अध्यक्ष

**भवन तथा बाटो निर्माणकर्मी संघ परिवार**
तानसेन, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारिक वेबसाइट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई